हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY

वर्ष : ०१ अंक : १८४ पृष्ठ : ४ २०७७ माघ २२ गते विहीबार (Thursday 04 February 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्ट्स सेन्टर
लहान-६
यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

## विपन्न परिवारलाई जाडोबाट जोगाउँन कम्बल बितरण

फिरोज शेख

लहान । अत्याधिक चिसोले जनजीवन प्रभावित भएको बेला विभिन्न संघसंस्था र मनकारी समाजसेवीले विपन्न बस्तीमा कम्बल बितरण अभियान सुरू गरेका छन् ।

नेपाल रेडक्रस सोसाइटीले धनगढीमाई र लहान नगरपालिकाका विभिन्न वडाका विपन्न बस्तीमा कम्बल बितरण सुरू गरेको छ । नेपाल रेडक्रस सोसाइटी लहान उपशाखाका संयोजक फूलेश्वर महतोले यस क्षेत्रमा ६ सय जनालाई कम्बल बितरण सुरू गरिएको छ । उनका अनुसार लहान नगरपालिका-६ का २५ जनालाई कम्बल बितरण गरिएको छ । यसअघि नेपाल रेडक्रस सोसाइटीले लहान नगरपालिका-२४ झुटकीका २५ विपन्न परिवारलाई कम्बल बितरण गरिएको थियो ।

लहान नगरपालिका-६ का वडा सदस्य रमेश गौतमले नेपाल रेडक्रस सोसाइटीद्वारा उपलब्ध गराइएको २५ थान कम्बल विपन्न परिवारलाई बितरण गरिएको जानकारी दिए । यसैगरी मस जोडी अर्थात महेश चौधरी र संगीता कर्माचार्यले विपन्न बस्तीमा कम्बल वितरण अभियानलाई जारी राखेका छन् ।

मस जोडीले गत माघ १३ गते देखि यस अभियानलाई निरन्तरता दिदै आएका छन् । सो जोडीले गत सोमबार लहान नगरपालिका-२२ सिसवनी मुसहर बस्तिका १५ जना र माघ २० गते मंगलबार लहान नगरपालिका-१५ बेतहा खोलाको अति बिकट ठाउँका ५१ जना गरीब, विपन्न, असहाय, एकल महिला र जेष्ठ नागरिक लाई शितलहर तथा चिसोबाट बच्नका लागी मस जोडी अर्थात महेश चौधरी र संगीता कर्माचार्यले न्यानो कम्बल बितरण गरेका छन् ।





मस जोडीले दिएको जानकारी अनुसार सांसद प्रदीप गिरि, अवसर फाउण्डेशन, एपोलो ओम बोर्डिङ स्कुल, बेबी एन्जल स्कुल, निरज स्टिल फर्निचर लगायत मनकारी नविन गुप्ता र श्याम गुप्ताको आर्थिक सहयोगमा चिसोबाट जोगिनका लागि राहत स्वरूप कम्बल बितरण गर्ने कार्यलाई अहिले सम्म निरन्तरता दिइएको र यो अभियान अझै जारि रहने बताएका छन् ।

मस जोडीले यस अघि माघ १३ गते लहान नगरपालिका-१३ का ६० जना, १४ गते लहान नगरपालिका-२४ अन्तर्गत रहेका अति विकट ठाउँ खप्टे डाँडाँको दलित बस्तीका ६० जना र माघ १५ गते लहान नगरपालिका-१६ स्थित चुरे क्षेत्रका विकट बस्ती आरिदमार, बरदमार, भसुवा, भमरे लगायत क्षेत्रका ६० परिवारलाई कम्बल बितरण गरेका थिए ।

सूचना ! सूचना !! सूचना !!!
MASSEY FERGUSON
मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा
रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट
यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।
गिफ्ट किसिम :
a) Led TV-24"
b) Fridge - 170 Ltr.
c) Leveller
हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क स्थान :- रत्ना ओटो
पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोवाईल :- ९८०११५१४३८

## दुई वर्षीय बालकको अपहरण

सिराहामा दुई वर्षीय बालकको अपहरण भएको छ । सिराहा नगरपालिका- १ का प्रदीप यादवको दुई वर्षीय छोरा इशान्त यादवको मंगलबार साँझ साढे ७ बजे अपहरण भएको छ । घरको आँगनमा खेलिरहेको बच्चा एक्कासि हराएपछि अपरहण भएको परिवारले आशंका गरेका छन् ।

बच्चाकी आमा संगीता यादवले भनिन्, 'बच्चा बरन्डामा खेलिरहेको थियो, म खाना बनाउन लागेकी थिएँ । खेलिरहेको ठाउँमा बच्चा नभएपछि सबैतिर खोजी गरियो, तर कहीँ भेटिएन । पक्कै कसैले अपहरण गर्‍यो ।' जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी शालिग्राम शर्माले बच्चा हराएको जानकारी पाएसँगै खोजीकार्य तीव्र पारिएको बताए । सीमाक्षेत्रका गाउँ र त्यस वरपर खोजीकार्य भइरहेको प्रवक्ता शर्माले बताए ।



बगैंचा सहितको जग्गा बिक्रीमा
लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, १५ वटा कटहरको रुख, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।
सम्पर्क नम्बर : ०३३-५६०२१९
मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०

छिटो भनेको WORLDLINK
SPEEDमा BOOST नगदमा छुट
3C 35 Mbps Rs. 1,250* 6C Rs. 2,700 Rs. 2,200*
Enjoy 100+ HD Channels & 150+ SD Channels FREE with WorldLink
*Terms and Conditions Apply
Lahan office: 033-561429, 033-561430 | Mirchaiya: 033550505, | Golbazar: 9801186055, | Kalyanpur: 031-540229

फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव



# टिप्पणी

### प्रदेश २ प्रदेश सभाका तीन वर्ष

## ३८ कानुन बने, कार्यान्वयनमा बेवास्ता !

प्रदेश नं. २ प्रदेश सभा गठन भएको भएको तीन वर्ष पुरा भएको छ । बुधवार प्रदेश सभाले आफ्नो तेश्रो वार्षिकोत्सव भव्य रूपमा मनाएको छ । गएका तीन वर्षमा प्रदेश सभाले चारवटा अधिवेश सम्पन्न गरिसकेको छ । पछिल्लो पटक कात्तिक महिनामा प्रदेश सभाको चौथो अधिवेशन अन्त्य भएको हो भने पाँचौ अधिवेशन कहिलेदेखि सञ्चालन हुने भन्ने टुंगो लागेको छैन ।

प्रदेश सभाको उपलब्धी ५३ वटा दर्ता भएको विधेयकमध्ये ४१ वटा विधेयक पारित भई ३८ वटा प्रमाणीकरण भइसकेका छन् । दर्ता भएका विधेयकमध्ये ८ वटा समितिहरूमा थन्किएका छन भने ४ वटा विधेयक छलफलकै क्रममा रहेका छन् ।

प्रदेश सभाबाट पारित भई प्रदेश प्रमुखबाट प्रमाणीकरण समेत भइसकेका ३८ वटा ऐन मध्ये आर्थिक र विनियोजन ऐन तथा सेवा सुविधा बाहेक एउटा पनि कार्यान्वयनमा आउन सकेका छैनन ।

गएको तीन वर्षको अवधिमा विनियोजन, आर्थिक, आकस्मिक कोष सहितका ९ वटा ऐन र प्रदेश सरकारका मन्त्रीहरूको सेवा सुविधा, प्रदेश सभाका पदाधिकारी तथा कर्मचारीहरूको सेवा सुविधा ४ वटा ऐन गरी १३ वटा पुर्णरूपमा कार्यान्वयमा आएका छन भने अन्य २५ वटा कार्यान्वयनमा आउन सकेका छैनन् ।

यद्यपी प्रदेश संचार, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश लोक सेवा आयोग सहितका ऐन अन्तर्गत समिति तथा आयोग गठन गरी कार्यान्वयनको प्रक्रियामा छन ।

**कानून निर्माणको अवस्था**

प्रदेश सभा सचिवालयले दिएको जानकारी अनुसार पहिलो वर्षमा २७ वटा विधेयक दर्ता भएकोमा १५ वटा विधेयक पास भएर प्रदेश प्रमुखबाट प्रमाणिकरण भएर ऐन बनेको थियो । तर दोस्रो वर्षमा भने सत्तापक्षले दुई संशोधनसहित २० वटा विधेयक मात्र प्रदेशसभामा दर्ता गराएको छ । जसमा ७ वटा विधेयक मात्र पास भएर प्रमाणिकरण भई ऐन बनेको थियो ।

पछिल्लो तेश्रो वर्षमा ७ वटा मात्रै दर्ता भएको र बाँकि विधेयक गरी १९ पारित भएकोमा १६ वटा प्रमाणीकरण भएको प्रदेश सभा सचिवालयका सचिव रञ्जित यादवले जानकारी दिए । अहिलेसम्म विधेयक पारित गर्न मात्रै ५३ वटा प्रदेश सभा बैठक बसेका छन् ।

प्रदेश सभाको चौथो अधिवेशनबाट प्रदेश अनुसन्धान ब्यूरोको स्थापना, काम, कर्तव्य र अधिकार, स्वास्थ्य संस्था सेवा, प्रदेशको वन व्यवस्थापन, उद्योग व्यवस्थापन, प्रदेश पदक र दुग्ध विकास बोर्ड गठन सम्बन्धी व्यवस्था भएको लगायतका विधेयक पारित भएको सचिव यादवले जानकारी दिए ।

उनका अनुसार पछिल्लो वर्षमा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, अवधिमा निजामति कर्मचारी सेवाको गठन बालबालिका संरक्षण, गाउँसभा र नगरसभाको कानून निर्माण, गाउँसभा/नगरसभा/जिल्ला सभाको कार्य संचालन, प्रदेश संचार, प्रदेश रेडियो, एफएम र टेलिभिजनको संचालन र स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सेवा सुविधा सहितका १९ विधेयक पारित भई ऐन बनिसकेको छ ।

संसद अधिवेशनको हिसाबले हेर्दा पहिलो अधिवेशनमा ७, दोश्रोमा २०, तेश्रोमा २१ र चौथोमा ४ वटा विधेयक दर्ता भएको थियो । जसमध्ये तेश्रो अधिवेशनका पारित भएका ३ वटा ऐन प्रमाणीकरण हुन बांकी छ भने दोश्रो अधिवेशनका ३ र तेश्रोका ५ वटा ऐन समितिमा थन्किएको अवस्था छ ।

बाँकी ३ पेजमा

# सत्ताप्राप्ति र राज्य दोहनमा बितेको एक युग

२००७ सालपछि आधुनिक युगमा प्रवेश गरेको नेपाल ७० वर्षको अवधिमा राजनीतिक रूपमा चलायमान रह्यो । पटकपटक व्यवस्था परिवर्तन भयो। फरकफरक संविधान बनाइए । तर, त्यसले नागरिकको आजीविकामा अपेक्षित सकारात्मक परिणाम दिन सकेन । आर्थिक सामाजिक रूपान्तरणको चुरोमा राजनीति हुन्छ र राजनीतिले मूलभूत रूपमा तीनवटा काम गर्नुपर्छ ।

पहिलो- राजनीतिक व्यवस्थाले नागरिक हक, स्वतन्त्रता, राष्ट्र तथा व्यक्तिको सुरक्षा, सार्वभौमसत्ताको रक्षालगायत गतिविधि गर्छ ।

दोस्रो- जनताका आधारभूत आवश्यकताका साथै विकासका आकांक्षा, सामाजिक, मनोवैज्ञानिक, भौतिक आवश्यकता, पूर्वाधारलगायत आवश्यकता सम्बोधन गर्नुपर्छ ।

तेस्रो- सामाजिक न्याय र समानता। समाजको एउटा पक्षको विकास भयो । अर्को पछि पर्‍यो भने समस्या आउँछ । पछिल्लो समय यही कारण अमेरिकाजस्ता विकसित मुलुकमा समेत समस्या देखिएको छ भने हाम्रोजस्तो अल्पविकसित मुलुकमा पर्ने प्रभाव झन् ठूलो हुन्छ ।उपरोक्त तीन कार्य राजनीतिले गर्न सकेन भने जस्तोसुकै राज्य प्रणाली भए पनि जनताले प्रतिक्रिया जनाउँछन् ।

००७ सालदेखिकै राजनीतिले परिणाममा विकास दिन नसक्दा हामीले अस्थिरता भोगिरहेका छौं ।

लोकतन्त्र र नागरिक अधिकारका क्षेत्रमा हामीले केही प्रगति गरेका छौं । तर, विकास र सामाजिक न्यायमा भने हामी पूर्ण असफल भयौं ।

पञ्चायतको भन्दा २०४७ पछि मुलुकमा धनी र गरिबबिचको खाडल झन् बढेको छ । गणतन्त्रकालमा समावेशी व्यवस्था लागू गर्ने भनियो । तर, राज्य संरचना अझै पनि समावेशी भइसकेको छैन । जति भएको छ त्यसमा पनि सीमान्तकृत वर्गको ठूलाठालुले मात्र अवसर पाइरहेका छन् । सामाजिक विभेद हटाउने महत्वपूर्ण अवसर हामीले खेर फाल्यौं । पहिचान र विभेदलाई हामीले राजनीतीकरण गरिदियौं । त्यसलाई सम्बोधन गर्नतिर लागेनौं । हामी परिणाम निकाल्ने गरी काम गर्न चुक्यौं । केही दिनअघि मैले सिंहदरबार प्रवेश गरेको दुई घण्टामा 'डेलिभरी' दिने नेता चाहिएको छ भन्दा अनेक खालका टिप्पणी आए । धेरैलाई दुई घण्टामा पनि काम हुन्छ र भन्ने विश्वास नै हुन छाडिसक्यो ।

पछिल्लो उदाहरण- प्रधानमन्त्री केपी शर्मा ओलीलाई संसद् विघटन गर्न कति समय पनि लागेन । केही मिनेटको कामले मुलुकलाई कहाँबाट कहाँ पुर्‍यायो ? त्यही रफ्तार र ऊर्जा मुलुकको विकासमा लगाएको भए के हुन्थ्यो ?

**डा. सूर्यराज आचार्य**



हरेक मन्त्रीले यही शैली र तरिकामा तर, मुलुकको हितमा काम गर्न सक्नुपर्छ । राजनीतिक नेतृत्वले गर्नेअधिकांश काम नीतिगत हुन्छन् । ऐनमा एउटा दफा परिवर्तन गर्दा मुलुकको विकासमा उल्लेख्य परिवर्तन हुन सक्छ । २०७२ को संविधानले सामाजिक न्यायमा एक किसिमको लहर ल्याएको छ । तर, राजनीतिक आग्रह र पूर्वाग्रहका कारण कार्यान्वयन खुम्चिन पुग्यो । सबै कुरा 'भोट बैंक' को राजनीतिले बिगार्‍यो । समाज ध्रुवीकरण भयो । विभेदरहित समाज र समावेशी राज्य संरचना हुनुपर्छ भन्नेमा कोही नेपालीको विचार फरक नहोला । सामाजिक उदारता, सोच, लोकतान्त्रिक दृष्टिकोणको हिसाबले हाम्रो नयाँ पुस्ता दक्षिण एसियाका अन्य मुलुकभन्दा धेरै अगाडि छ । परिणाममुखी विकासतर्फ अघि बढ्न सक्केको भए, आमजनतामा सामाजिक न्याय र समानता सुनिश्चित हुन सक्केको भए राजनीतिक दल र व्यवस्था सम्मानित र दिगो हुन्थे । आमजनताको राजनीतिप्रति सम्मान हुन्थ्यो। हाम्रो राजनीति त सत्तामा जाने, राज्य दोहन गर्ने, कार्यकर्ता पोस्ने, संरक्षण दिने, फेरि अर्को चुनाव जित्ने यही फेरोमै सीमित भयो ।

**विकासमा राजनीति**

यहाँ त विकासका लागि सरकारले छुट्याएको बजेटमै राजनीतीकरण भइदिन्छ । विकासका आयोजनालाई राजनीति टिकाउने माध्यम बनाइएको छ ।

बीपी कोइरालाले छोटो समय काम गर्न पाए पनि विकासमा लय समातेका थिए । राजा महेन्द्र स्वभावले निरंकुश भए पनि विकासका आधारभूत संरचना बनाउनमा उनको ठूलो योगदान छ ।

अहिले हेर्दा राजा महेन्द्र शासन शैलीमा निरंकुश भए पनि मुलुकको विकासमा उनको स्पष्ट दृष्टिकोण रहेको देखिन्छ । त्यो समयमा पनि नेपालले आर्थिक विकासमा स्पष्ट विहंगम् मोडल समातेको थियो ।

अहिलेका अधिकांश मन्त्रालय, विकासे निकायका विभाग राजा महेन्द्रले सुरु गरेका हुन् । महेन्द्रले बनाएका अधिकांश ऐनले अहिलेसम्म काम गरिरहेका छन् ।

राजा महेन्द्रकै पालामा भूमिसुधार लागू भयो। महेन्द्र राजमार्ग, चीनसँग जोड्ने कोदारी राजमार्गलगायत दर्जनौं आयोजना त्यही बेला सुरु भए । चीनसँग कनेक्टिभिटीको ठूलै समस्या थियो। अन्तर्राष्ट्रिय भूराजनीतिक चलखेल हुँदाहुँदै पनि विकासको गति अगाडि बढेको थियो ।

राजा महेन्द्रले नियुक्त गरेका हरेक व्यक्ति सक्षम थिए । युरोप, अमेरिका, सोभियत संघमा पढेका थुप्रै नेपालीलाई मुलुक फर्काइएको थियो। उनीहरूलाई ठूलो अधिकार दिएर राखिएको थियो ।

राजा वीरेन्द्र महेन्द्रको विकासको दृष्टिकोण समात्न सकेनन् । ३० को दशकमा नेतृत्वमा पुगेका राजनीतिकर्मीले त्यसलाई धूमिल बनाए। अहिले हाम्रो विकासको मोडल के हो त भन्दा, केही पनि छैन ।

विकासको मोडेलमा सबैभन्दा माथि आर्थिक-सामाजिक रूपान्तरणको मोडेल हुन्छ । यसमा बहुवर्षीय योजनाहरु पर्छन् । तर अहिले सबै बहुवर्षीय योजना नामका मात्रै छन् । बहुवर्षीय योजनाले समग्र देशको भौतिक विकासको रूपरेखा बनाउँछ । शिक्षा, स्वास्थ्य, लगानी, सामाजिक न्याय यसैबाट निर्देशित हुन्छन् । विकासको मोडेल बनाउने योजनाकार र विज्ञको भन्दा ठूलो देन राजनीतिक नेतृत्वको हुन्छ ।

अहिले नेकपा होस् वा नेपाली कांग्रेस यी दुवैको विकासबारे सोच, चासो, क्षमता र नियत केही पनि छैन ।

संविधानमा समाजवादउन्मुख भनेर लेखिएको छ । तर त्यससँग मेल खाने केही गरिएको छैन। २०१५ सालमा बीपीले समाजवादको बिम्ब प्रयोग गरेका थिए- झुपडी, एक हल गोरू, एउटा गाई। राजनीति गर्नेहरूका लागि र मुलुकको अर्थतन्त्रमा यसको विशेष अर्थ छ । तर अहिलेको नेताले यो बुझ्ने सकेनन् ।

क्षेत्रगत रूपमा कृषि, जलविद्युत, पर्यटन, उद्योगलगायत विविध क्षेत्रको पूर्वाधार विकासका लागि क्षेत्रीय स्तरका गुरूयोजना आउनु आवश्यक छ । गुरूयोजनामा निश्चित वर्ष तोकेर कतिवटा राजमार्ग बनाउने, कतिवटा रेलमार्ग बनाउने, एयरपोर्ट कहाँकहाँ बनाउने निश्चित गर्नुपर्छ । यी तीनवटै विषय एकअर्कासँग सम्बन्धित हुन् ।

किनभने काठमाडौं-भरतपुर रेलले जोडे चितवनमा एयरपोर्ट चाहिँदैन । ३५ र ४० मिनेटमा काठमाडौं-भरतपुर आवतजावत सम्भव भए किन एयरपोर्ट चाहियो ? त्यसैगरी पूर्वपश्चिम रेलमार्ग बनाएर पाँच घण्टामा मेचीबाट महाकाली पुग्न सकिने भए पूर्व-पश्चिम राजमार्ग ८ र १० लेनको चाहिँदैन । तर राजनीतिक नेतृत्वमा यसको कुनै 'भिजन' छैन । जथभाबी योजना बनाइएका छन्, अनावश्यक र उपलब्धिबिहीन खर्च भइरहेको छ ।

**आयोजनाको अवस्था**

अहिले पञ्चायती व्यवस्थाका बेला बनेका आयोजनाको रेखांकनलाई समेत पूर्णता दिने काम भएको छैन । पूर्व-पश्चिम मात्रै होइन त्यो बेला उत्तर-दक्षिण करिडोरको पनि योजना बनाइएको थियो। अहिले त्यही दुई लेनलाई चार, चारलाई छ लेन बनाउने काम भइरहेको छ । पञ्चायतमै रेखांकन भए पनि अहिलेसम्म सबै जिल्लाको सदरमुकाममा राष्ट्रिय राजमार्ग जोडिएको छैन । राजनीतिक पहुँचका आधारमा योजना छनोट भइरहेको छ । टुक्रे आयोजना गरेर, केही किलोमिटर पिच गरेर विकास भइरहेको हल्ला पिटिएको छ ।

बिना योजना, बिना दृष्टिकोण, आर्थिक सामाजिक 'भिजन' बिनाको विकास भइरहेको छ । सरसर्ती हेर्दा गाउँगाउँमा बाटो बनेको छ ।

ग्राभेल बाटो पिच भइरहेको छ । ट्याक्टर, जिप चल्ने बाटो बनाइदिएर आवश्यकताभन्दा बढी हल्ला गरेर नागरिकको विकासको आकांक्षालाई खुम्च्याउने प्रयास भइरहेको छ । राजनीतिक नेतृत्वले नागरिकका सपना मार्ने

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज नयाँ जिम्मेवारी पाइएला । घरमा अतिथीको आगमन हुनेछ । साझेदारी र सट्टापट्टामा विशेष लाभ मिल्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ ।

**वृष** :- आज शुभकार्यको योग छ । आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । दिनको उत्तरार्धमा धन खर्च हुनेछ ।

**मिथुन**:- बुद्धि र विवेकको प्रयोग गर्न सके आजको दिनलाई सकारात्मक बनाउने समय छ । वित्तिय संस्थाबाट सहयोग पाईने र स्वादिष्ट भोजन पनि मिल्नेछ ।

**कर्कट** :- आज नयाँ कार्यको योजना बन्नेछ । नजिकको व्यक्तिबाट आँटेको काम सफल हुनेछ । नोकरीमा स्थानान्तरण तथा पदोन्नतिको योग छ ।

**सिंह**:- शुभकार्यको चर्चा चल्नेछ । टाढाका नातागोता वा परिवारजनसँग भेटघाट हुनेछ । आँटेको र ताकेको कार्य पुरा होला । दैनिक कार्यमा प्रगति हुनेछ ।

**कन्या** :- कीर्तिमानी काम गर्ने समय छ । वाक्चतुर्याईले संकल्प सिद्ध हुनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ ।

**तुला** :- रमणीय र सुखद् यात्राको योग छ । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । कामका विभिन्न अवसर फेला पर्ने छन् । शेयर बाजारमा पनि राम्रै हुनेछ ।

**वृश्चिक** :- आज कार्यमा बाधा आउनेछ । सरकारी निकाएको भय रहला । अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला, तर प्रेम सम्बन्धमा मधुरता छाउनेछ ।

**धनु** :- आज मन मिल्ने साथीको सहयोग मिल्नेछ । जटिल ठानिएको कार्य सम्पादन हुन सक्छ । आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला ।

**मकर**:- आज नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । वैदेशिक कार्य अघी बढ्नेछ । काम गर्ने जोश जाँगर र उमंग बढ्नेछ । चिताएको कामले तीव्रता लिनेछ ।

**कुम्भ**:- आज पुरानो समस्या सुल्झाउन सकिनेछ । शुभचिन्तकहरूले पूर्ण समर्थन प्रदान गर्नेछन् । मनमा उत्साह छाउने र बोली विक्ने समय पनि छ ।

**मिन** :- आज सन्तान टाढिन सक्छन् । वैदेशिक क्षेत्र कमजोर रहनेछ । कार्य सम्पादनमा समस्या आउला, तर आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

# कांग्रेसका प्रवक्ताले भने : संवैधानिक निकायमा नियुक्ति सर्वसत्तावाद उन्मुख प्रवृत्ति



नेपाली कांग्रेसले संसदीय सुनुवाइ विना नै संवैधानिक निकायका पदाधिकारी नियुक्ति गर्नुलाई सरकारको 'सर्वसत्तावाद उन्मुख प्रवृत्तिको श्रृत्त्ला'को संज्ञा दिएको छ ।

न्युज एजेन्सी नेपालसंग संक्षिप्त प्रतिक्रिया दिँदै प्रवक्ता विश्वप्रकाश शर्माले सरकारको सर्वसत्तावाद उन्मुख प्रवृत्तिविरूद्ध संघर्षका कार्यक्रम सञ्चालन गर्ने बताए ।

एकपछि अर्को संवैधानिक व्यवस्थालाई उलंघन गरेर सरकार संविधानलाई विखण्डित गर्ने यात्रामा अघि बढेको उनले प्रतिक्रिया दिए । प्रवक्ता शर्माले संवैधानिक परिषद् सम्बन्धी विश्वव्यापी व्यवस्थालाई उलंघन गरेर सरकारले अध्यादेश ल्याउँदा नै आफूहरूले असहमति जनाएको र अध्यादेश फिर्ता नभई प्रतिपक्षी दलका नेता बैठकमा नजाने निर्णय नै गरेको पनि बताए ।

'संसदीय सुनुवाइपछि मात्रै नियुक्तिको प्रक्रियालाई पूर्णता दिने भन्ने हाम्रो संवैधानिक मर्म छ । त्यस प्रकारको व्यवस्था प्रष्ट छ । तर त्यो केही पनि नगरिकन आज एकाएक सपथ ग्रहण भयो" उनले भने, "यो स्थिति जन्मनुको पछाडि दुईवटा कुराले प्रधानरूपमा काम गर्यो । एकातर्फ उहाँहरूसंग रहेको भनिएको दुई तिहाइको दम्भ र अर्को तर्फ उहाँहरूको द्वन्द्वका कारणले आज संविधानलाई नै विखण्डित गर्ने प्रकारको यात्रा उहाँहरूले अगाडि बढाउनुभएको छ ।'

शर्माले पछिल्लो कदमलाई सरकारको सर्वसत्तावाद उन्मुख प्रवृत्तिकै एउटा श्रृत्त्लाको रूपमा लिएको र त्यसविरूद्धको संघर्षलाई अझै घनीभूत बनाउनुपर्छ भन्ने निष्कर्षमा पार्टी पुगेको पनि बताए ।

## ३८ कानुन ...

**कार्यान्वयनमा ढिलाइ : दोष संघीय सरकारलाई !**

प्रदेश २ सरकारले ४१ वटा कानून पारित गरी ३८ वटा प्रमाणीकरण गराइसकेको अवस्थामा आर्थिक र विनियोजन बाहेक अन्य ऐन हालसम्म कार्यान्वयन भएको नदेखिएपनि प्रदेश सरकारले कार्यान्वयनको प्रक्रियामा रहेको दाबी गरेको छ ।

तर आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र यादवले प्रदेश प्रहरी र निजामति कर्मचारी बाहेक अन्य कानुनहरू कार्यान्वयनको प्रक्रियामा रहेको बताए । कानुन कार्यान्वयन भएको अनुभुति नभएको दाबी गर्दै मन्त्री यादवले भने 'कार्य सम्पादनको आधारमा आम नागरिकले अनुभुति गर्न पाएको छैन, जसको प्रमुख दोषी संघीय सरकार हो । संवैधानिक अधिकार बमोजिम संघीयता स्थापित गर्न हामीले कानून निर्माण गर्यौ तर संघीय सरकार संघीयताप्रति उदासिन रहेको कारण कार्यसम्पादनमा ढिलाई भइरहेको छ ।' मन्त्री यादवले थप एक सय वटा कानुन बनाउने लक्ष्य राखिएको पनि बताए । यसका लागि धेरै विधेयक तयार भइसकेको पनि उनको भनाइ छ । 'प्रदेश सरकारले आवश्यक एक सय वटा कानून बनाउने लक्ष्य राखेको छ' उनले भने, 'जसमध्ये ५० प्रतिशतको हाराहारीमा निर्माण भइसकेका छन् । अन्य पाइपलाईनमा छन् । ती विधेयकहरू छिट्टै प्रदेश सभामा दर्ताका लागि पठाउँछौ ।'


**Kanchanpur-Kamala Road (ADB) (Package I & Package II), CREGC**

| Post | No | Requirement | Salary |
|---|---|---|---|
| Surveyor | 3 | Experience of survey work for at least one whole project;Male, healthy under the age of 45;Obey the company arrangement; No meal & accommondation; English excellent; Chinese communication is preferred. | all-inclusive salary Rs. 800/day or Rs. 24000 with full attendance, Probation Period 3 Months |
| Asst. Procurement Mgr. | 1 | Excellent procurement experience in importing supplies & equipment from India;Construction Industry experience based;Know quite well of tariff, custom regulations, import process and so forth as his distinguishing competency for the post;English excellent;meal & accommodation to be discussed | to be discussed with the Employer |
| Test Engr. | 1 | With many years of experimental work experience, he can be fully responsible for all management tasks of experimental testing technology. And can lead the team to manage a laboratory individually. Good English.no accommodation/meal | all-inclusive salary Rs. 1000/day or Rs. 30000 with full attendance, Probation Period 3 Months |
| Test Tech. /Tester | 2 | Good English and more than 3 years of work experience. Proficiency in computer operation and ability to compile data. no accommodation/meal | all-inclusive salary Rs. 733/day or Rs. 22000 with full attendance, Probation Period 3 Months |

Add: Hotel Durbar, Lahan Municipality Contact No.:9805993400


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा

# कसरी हामीसम्म आइपुग्छ कोरोना खोप ?

वैज्ञानिकहरूको अभूतपूर्व प्रयासको कारण अहिले कोरोना भाइरस (कोभिड-१९) विरूद्धका केही खोपहरु विश्व बजारमा आएका छन् । जसले यो रोगबाट बचाउने दाबी गरिएको छ । यस्ता खोपहरु कसरी विकासित भए त ? यहाँ खोपको विकास प्रक्रिया उल्लेख गरिएको छ ।

**प्रयोगशाला**

वैज्ञानिकहरूले सन् २०२० को जनवरीमा कोरोना भाइरसको जेनेटिक सिक्वेन्स सार्वजनिक भएसँगै वैज्ञानिकहरूले कोरोनाको खोप बनाउनको लागि आवश्यक खोजी सुरू गरे ।

यसअघि कहिल्यै पनि नगरिएको समन्वयको आधारमा विश्वभरका वैज्ञानिकहरु खोप निर्माणको धेरै चरण एकैपटक गर्दै खोप निर्माणको लागि आवश्यक पर्ने १० वर्षको समय १२ महिनामा झार्न सफल भए । यसअघि नै धेरैले कोरोना भाइरस परिवारका सार्स र मार्सको अध्ययन गरिसकेका थिए । त्यसैले उनीहरूले यसअघिकै अध्ययनबाट खोप निर्माणको अध्ययन अघि बढाए ।

शोधकर्ताहरूले एन्टिजिन पत्ता लगाउनका लागि विस्तृत रूपमा भाइरसको अध्ययन गरे । एन्टिजिन भाइरसको निकै सानो भाग भाग हो, जुन शरीरको प्रतिरोधी क्षमतासँग लड्छ । अधिकांश सफल खोपमा निकै सानो, हानि नगर्ने किसिमको भाइरसको केही भाग वा ब्लुप्रिन्ट राखिएको हुन्छ । जसको उद्देश्य हाम्रो शरीरभित्र भाइरसको एन्टिजिन बनाउनु हो । शोधकर्ताहरूले कम्प्युटर मोडल र कोषहरूको प्रयोग गरी यस किसिमको एन्टिजिन प्रयोगशालामा नै परीक्षण गर्छन् । यसो गर्दा कुनै साइड इफेक्ट देखिन्छ कि भन्ने अध्ययन उक्त परीक्षणमा गरिएको थियो ।

**मानव परीक्षण**

एकपटक प्रयोगशालामा गरिने परीक्षण पूरा भएपछि यो खोप विश्वभरका स्वयंसेवकहरूलाई दिइन्छ । यो परीक्षणमा खोप सुरक्षित वा प्रभावकारी छ वा छैन भन्ने सुनिश्चित गरिन्छ । साथै, परीक्षणका क्रममा एक व्यक्तिलाई कति डोज आवश्यक पर्छ भन्ने कुराको पनि अनुसन्धान गरिन्छ ।

सामान्यतया यस किसिमको परीक्षणको लागि १० वर्ष लाग्ने गर्छ । तर कोरोना महामारी जारी रहेको अवस्थामा महामारीविरूद्ध लड्न खोप निर्माणको कार्यलाई तीव्रता दिइएको थियो ।

मानव परीक्षणमा सफल भएको खोपको नतिजा अनुमतिका लागि नियामक निकायमा पठाइन्छ । यस्तोमा नियामक निकायले यी खोपको प्रयोग सुरक्षित र प्रभावकारी छ वा छैन भन्ने अध्ययन गर्छन् । यस्तोमा खोप निर्माताले नियामकलाई आफ्नो खोपबारे निकै संवेदनशील जानकारीहरु दिन्छन् । त्यसपछि नियामक निकायले खोपको सुरक्षा, गुणस्तर र प्रभावकारिताको आधारमा खोपलाई अनुमति दिने वा नदिने भन्ने निर्णय गर्छ ।

अनुमति दिने प्रक्रिया छिटो बनाउन बेलायती नियामक निकायले 'रोलिङ रिभ्यु' नामक प्रणालीको प्रयोग गरेको थियो । जसअनुसार मानव परीक्षणबाट प्राप्त नतिजा उपलब्ध भएसँगै उक्त खोपलाई अनुमति दिन बाटो खुलेको थियो ।

**खोपको औद्योगिक उत्पादन**

सामान्यतया एकपटक खोपले अनुमति पाइसकेपछि मात्र खोपको औद्योगिक उत्पादन सुरू हुन्छ । तर कोरोना खोपको हकमा भने खोपले अनुमति पाउनुभन्दा धेरै अगाडि नै उल्लेख्य मात्रामा खोप उत्पादन सुरू भएको थियो । खोपको औद्योगिक उत्पादन सुरू हुँदा अनुसन्धान र विकासको काम जारी थियो । ठूलो संख्यामा आएको खोपको अर्डरको कारण कम्पनीहरूले समयभन्दा अगाडि नै खोप उत्पादन सुरू गरेका थिए ।

त्यसैले खोपले अनुमति पाउनेबित्तिकै कम्पनीहरु सकेसम्म छिटो खोप वितरणको लागि तयार देखिएका थिए । खोप बनाउन कोरोनाको लागि काम गर्ने प्रमुख अवयवहरु ठूलो मात्रामा राखिन्छ भने त्यसमा स्ट्याबलाइजरलगायतका अन्य अवयवहरु पनि मिसाइन्छ । त्यस्तै मानिसको प्रतिरोधी क्षमता बढाउने 'एड्जुभेन्ट' पनि थपिन्छ ।

खोपको भाइलमा भर्नुभन्दा पहिला खोपको ठूलो ब्याचको गुणस्तर पनि परीक्षण गरिन्छ । त्यसपछि भाइलमा खोप हाली वितरण गरिन्छ ।

**वितरण**

उत्पादकले खोप उत्पादन गरिसकेपछि खोपलाई सही तापक्रममा राख्न सकियोस् भनेर 'कोल्ड चेन'को माध्यमबाट वितरण गरिन्छ । अधिकांश परम्परागत खोपहरूलाई भण्डारणको लागि दुईदेखि ८ डिग्री सेल्सियसको तापक्रम आवश्यक हुन्छ । तर कोरोनाका केही खोप भने निकै चिसो तापक्रममा भण्डारण गर्नुपर्ने किसिमका हुन्छन् । उदाहरणको लागि फाइजर-बायोएनटेकको कोरोना खोप भण्डारणको लागि माइनस ७० डिग्री सेल्सियसको तापक्रम आवश्यक हुन्छ ।

यद्यपि अक्सफोर्ड-एस्ट्राजेनेकाको खोप भने सामान्य फ्रिज तापक्रममा राख्न सकिन्छ । त्यसैले यो खोपमा भण्डारणको चुनौती हुँदैन र यसलाई अहिले भएकै संरचनाअनुसार वितरण गर्न सकिन्छ ।

जसले खोप खरिद गर्न सक्छ त्यसले भन्दा पनि जसलाई सबैभन्दा धेरै आवश्यक पर्छ त्यसलाई खोप




पुर्‍याउनु महामारी नियन्त्रणको लागि सबैभन्दा महत्वपूर्ण विषय हो । अहिले धनी मुलुकहरूले धेरै खोप निर्माताबाट खोप खरिद गरिसकेका छन् । तर विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ)ले सबैलाई खोप पुर्‍याउने उद्देश्यका साथमा कोभ्याक्स कार्यक्रम ल्याएको छ ।

**हरेक खोप केन्द्रमा खोपको वितरण**

सम्बन्धित मुलुकमा खोप आइपुगेपछि त्यसलाई वितरण गरिनुभन्दा पहिला त्यसको गुणस्तर परीक्षण गरिन्छ । यो परीक्षणमा खोप सुरक्षित रूपमा आइपुगेको छ वा छैन भन्ने कुराको जाँच गरिन्छ । परीक्षकहरूले जाँच गरिसकेपछि सानो सानो समुह बनाएर खोपहरु आवश्यक तापक्रम कायम गरेर अस्पताल, औषधि फर्मा, क्लिनिक र अन्य खोप केन्द्रमा पठाइन्छ ।

**खोप कार्यक्रम**

खोप केन्द्रमा रहेका तालिमप्राप्त कर्मचारीहरूले खोप केन्द्रसम्म आउँदा खोपको अवस्था ठीक छ वा छैन भनी हेर्छन् र उक्त खोप मानिसलाई दिनु उचित छ वा छैन भन्ने कुराको सुनिश्चित गर्छन् । यस्तोमा जमेको खोपलाई पगाल्नुपर्ने र कहिलेकाहीँ खोपलाई पातलो बनाउनुपर्ने अवस्था पनि आउन सक्छ । यो काम तिनै कर्मचारीहरूले गर्छन् । सिरिन्जमा खोप भरेपछि त्यसलाई मानिसको पाखुरामा लगाइन्छ । जहाँबाट यसको वास्तविक काम सुरू हुन्छ । हाम्रो शरीरभित्र खोपले प्रतिरोधी क्षमतालाई कोरोनाविरूद्ध लड्न तालिम दिन्छ । जसको कारण कोरोना भाइरसको प्रवेश हाम्रो शरीरमा हुँदा प्रतिरोधी क्षमताले त्यसलाई परास्त गर्न सकोस् । त्यसैले यो खोपले कोरोनाबाट मानिसलाई बचाउँछ भन्ने विश्वास छ । समयसँगै कोरोनाको खोप लिएका मानिसहरूमा गरिने अध्ययनले यो खोपले कति समयसम्म मानिसहरुलाई कोरोनाबाट सुरक्षा दिन सक्छ भन्ने देखाउनेछ । *अनलाईनखबरबाट*

## सत्ताप्राप्ति ...

काम गरिरहेको छ । जेजति टुक्रे काम भइरहेको छ नागरिक त्यसैलाई विकास मान्न अभ्यस्त भइसके । समृद्धि र विकासको बहुआयमिक पाटो हुन्छ । अहिले अधिकांश नेपालीको घरका सदस्य विदेशमा छन् । खाडी मात्रै होइन युरोप, अमेरिकामा रहेका नेपाली नागरिक पनि खुसी छैनन् । हातमा पैसा छ, परिवार साथमा छैन । छरछिमेकी, आफ्नो रहनसहन, चाडपर्व, संस्कार केही छैन। यसले सामाजिक संरचनामा उथलपुथल ल्याएको छ । साँच्चै विकास बुझेको नेताले देशको सामाजिक संरचना यसरी तहसनहस भएको हेर्न सक्दैन । अर्को महत्त्वपूर्ण पक्ष भौतिक विकासको कुरा हो । कस्तो र कुन भौतिक विकास भन्ने कुराको निर्क्योलमा केन्द्रीय र स्थानीय दुवैको भूमिका हुन्छ । अन्तर्राष्ट्रिय कनेक्टिभिटी या राष्ट्रिय स्तरका भौतिक पूर्वाधारको निर्णयमा स्वभावतः केन्द्र सरकारको भूमिका बढी हुन्छ । तर स्थानीय जनतालाई पनि योजना प्रक्रियामा सहभागी बनाउनुपर्छ ता कि उनीहरूका चासो योजनाकै तहमा सम्बोधन गर्न सकियोस्, र कार्यान्वयनका बेलामा स्थानीय जनतासँग विवाद सिर्जना नहोस् ।

राष्ट्रिय अन्तर्राष्ट्रिय महत्त्वका विकासका आयोजनामा आमजनताको भावना समेटेर अगाडि बढ्नुपर्छ । स्थानीय विकासका आयोजनामा भने हरेक निर्णय प्रक्रियामा स्थानीय सरकार र स्थानीय जनताको सहभागिता अनिवार्य हुन्छ । किनभने त्यसको उपयोग भोलि ती जनताले नै गर्ने हुन् ।

कुनै पनि पूर्वाधार आयोजनाको पहिचान, डिजाइन र कार्यान्वयन नेता, मन्त्री या निर्माण व्यवसायीको निहित स्वार्थबाट निर्देशित हुनु हुँदैन । दुर्भाग्यवस! पूर्वाधार विकासको स्पष्ट प्रणाली र पद्धतिको अभावमा हामीले यस्तो सुनिश्चितता गर्न सकेका छैनौं । हाम्रा आयोजना गिजोलिएको विभिन्न स्वार्थ केन्द्रको अवाञ्छित स्वार्थ हावी हुनाले हो । *साभार : नेपाल समयबाट*


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**

**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

**औरही गाउँपालिका कार्यालय, सिरहा**

**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**

**नरहा गाउँपालिका कार्यालय, सिरहा**





लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)